
प्रदेश सभा
अर्थ तथा प्राकृतिक श्रोत समिति
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश सभा

प्रदेश सभा

## अर्थ तथा प्राकृतिक श्रोत समितिको

# बार्षिक प्रतिवेदन



## २०७५/०७६

## कर्णाली प्रदेश

## नेपाल

प्रदेश सभा

# अर्थ तथा प्राकृतिक स्रोत समितिको

# वार्षिक प्रतिवेदन

आ.व. २०७५/०७६

प्रदेश सभा

अर्थ तथा प्राकृतिक स्रोत समितिको सचिवालय

कर्णाली प्रदेश

वीरेन्द्रनगर, सुर्खेत

# प्रदेश सभा
# अर्थ तथा प्राकृतिक श्रोत समिति

**अध्यक्ष**

मा० अम्मर बहादुर थापा

**सदस्यहरु**

मा० अमृता शाही

मा० कुर्मराज शाही

मा० दान सिह परियार

मा० वीरबहादुर शाही

मा० यामलाल कडेल

मा० सीता कुमारी नेपाली

मा० सोशीला शाही

मा० हिम बहादुर शाही

| क्र.सं. | पद | नाम,थर |
|---|---|---|
| १ | प्रदेश सभा सचिव | जीवराज बुढाथोकी |

| समिति सचिवालयका कर्मचारीहरु | | |
|---|---|---|
| १ | सचिव | तिलक बहादुर थापा |
| २ | सहायक कर्मचारी | पदम प्रसाद जैसी |
| ३ | सहायक कर्मचारी | कल्पना गौली |
| ४ | कार्यालय सहयोगी | हरिबकुमार वि.सी. |

## सभामूख महोदय,

संसदीय प्रणाली र अभ्यासमा समिति प्रणालीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । समिति प्रणाली बाटै संसदको बहुआयामिक कामकारवाही सरल र प्रभावकारी ढंगले हुने गर्दछ । त्यसैले समिति प्रणालीको संस्थागत विकास गर्न र यसको व्यावहारिक अभ्यासलाई सफल तुल्याउनको लागि समितिहरुको कामकारवाही, कार्य प्रकृति स्पष्ट र व्यवहारिक बनाउन आवश्यक भएकोले हामीले कर्णाली प्रदेश सभा अन्तरगत फरकफरक विषय । क्षेत्राधिकार रहेका ४ समिति गठन गरेका हौ जसमध्ये अर्थ तथा प्राकृतिक स्रोत समिति पनि एक हो । राज्य प्रशासनलाई सहज, सरल र पारदर्शिताको देष्किोणलाई उदार व्याख्या गरी यसलाई जनचाहना र जनहित अनुकूल प्रभावकारी र गुणस्तरीय हुनुपर्ने अवधारणाबाट नै संसद र संसदीय समितिको अवधारणा र विकाश भएको कुरामा दुइमत छैन । त्यसैले अर्थ तथा प्राकृतिक स्रोतको बैज्ञानिक र वस्तुगत प्रयोग र उपयोग बाट विकास र सामाजिक रुपान्तरणमा सघाउ पुग्ने हुँदा आम नागरिक र सामाजिक न्यायमा यो समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

यस सन्दर्भमा यस समितिले सम्बद्ध विषयमा विधि निर्माण र सरकारी कामकारवाहीमा उत्तरदायित्व बहन भए नभएको सन्दर्भमा जाँचबुझ र मूल्याङ्कन गर्दै आइरहेको छ । जुन कुरा यस प्रतिबेदनमा यथा स्थानमा उल्लेख र समाबेश भएका छन् । यस समितिको कार्यक्षेत्राधिकार भित्र आर्थिक मामिला तथा योजना मन्त्रालय, भौतिक पूर्वाधार विकाश मन्त्रालय र उद्योग बन तथा पर्यटन मंत्रालय र सो अन्तर्गतका निकायहरु पर्दछन् । हाल सम्म समितिका २२ वटा बैंठक बसी विभिन्न निर्णय गरेको छ जुन यस प्रतिबेदनमा विस्तारमा उल्लेख गरिएको छ ।

प्रतिवेदनलाई बढी जानकारीमूलक बनाउँन र व्यबहारिक रुपमा बुझ्न समितिको कामकारवाहीको साथै सबै निर्णयको अतिरिक्त समितिको प्रभावकारिताको मूल्यांकन र समितिले भोग्नु परेका कठिनाइहरुलाई पनि यस प्रतिवेदनमा समेटिएको छ । समस्या धेरै भए पनि तत्काल देखिएको समस्यामा सचिवालयमा कार्यरत कर्मचारीहरुको दक्षता र क्षमता विकास र उत्प्रेरणा देखा परेको छ । हामी कर्णाली प्रदेशलाई माथि उठाउने कुरा वारम्वार गर्छौ तर केन्द्र र तुलनात्मक रुपमा सुगम

अन्य प्रदेशसभाहरुले आफ्ना सचिवालयका कर्मचारीहरुलाई प्रदान गरेको सेवा सुविधा हामीले दिएका छैनौ । यस सन्दर्भमा तत्काल आबश्यक पहल गर्न सम्मानित सभालाई समितिको सुझाव रहेको व्यहोरा अनुरोध गर्दछु र समिति को क्षमता अभिबृद्धि र सुधारका अन्य उपायबारे पनि हामीले समयमै सोच्नु पर्ने आबश्यकता रहेको ब्यहोरा अनुरोध गर्दछु । समिति प्रणालीबारे रुची राख्ने र समितिको कामकारवाही र प्रक्रियामा सम्बद्ध सबैका लागि यो प्रतिवेदन उपयोगी हुने कुरामा म विश्वस्त रहँदै कर्णाली प्रदेशसभा नियमावली, २०७५ को नियम १५७ (१) बमोजिम यो प्रतिवेदन सदन समक्ष पेस गर्दछु ।

अन्तमा, प्रतिवेदनमाथिको छलफलमा सक्रिय भाग लिई सर्वसम्मतिले यसलाई पारित गर्नु भएकोम समितिका मा. सदस्यहरु, प्रतिवेदन तयार गर्ने समिति सचिव र समिति सचिवालयका कर्मचारी मित्रहरु, लगायत पत्रकार र अन्य सबैलाई हार्दिक धन्यबाद दिन्छु । यसैगरी समितिको कार्यक्षेत्र, कार्यविधि र कामकारवाहीमा चासो व्यक्त गरी निरन्तर मार्ग निर्देशन र सल्लाह दिनु हुने माननीय सभामुख एबं माननीय उपसभामुखज्यू प्रति हार्दिकृतज्ञता ब्यक्त गर्दछु ।

धन्यवाद ।

०७६।१२।२९

अम्मरबहादुर थापा

अध्यक्ष

प्रदेश सभा

# अर्थ तथा प्राकृतिक स्रोत समितिको
## बार्षिक प्रतिवेदन, २०७६

कर्णाली प्रदेश

## १. परिचय :

प्रदेश सभाबाट समितिमा आएका विधेयकहरुमाथि दफावार छलफल गरी परिमार्जन र परिष्कृत गर्नुका साथै सरकारका कामकारवाहीहरुको अनुगमन तथा मूल्यांकन र सभाका अन्य कार्यहरुलाई व्यवस्थित रुपले सम्पादन गर्न, प्रदेश सभाका काम कारवाहीप्रति प्रदेश सभाका मा. सदस्यहरुलाई उत्साहित, जागरुक र प्रतिबद्ध तुल्याउनको साथै प्रदेश सरकारलाई सभाप्रति उत्तरदायी बनाउन प्रदेश सभा अर्न्तगत गठित ४ वटा विषयगत समितिहरु मध्ये अर्थ तथा प्राकृतिक स्रोत ससिमति एक हो । अर्थ तथा प्राकृतिक स्रोतको बैज्ञानिक र वस्तुगत प्रयोग र उपयोग बाट विकास र सामाजिक रुपान्तरणमा सघाउ पुग्ने हुँदा सो सर्न्दभमा यो समितिको महत्वपूर्ण भूमिका रहन्छ ।

## २. समितिको गठन प्रक्रिया :

सभामुखद्धारा मनोनयन भएका माननीय सदस्यहरु र सदस्यहरुले आफूमध्ये छानेको सभापति समेतवाट समिति गठन हुन्छ तर यस समितिमा हालसम्म जेष्ठ सदस्यले अध्यक्षता गर्दै आउनु भएको छ । सभामुखद्धारा सदस्यहरु मनोनयन भएपछि सभाद्वारा यसको अनुमोदन गरिन्छ । मुख्यमन्त्री र समितिको विषयसँग सम्बद्ध मन्त्रीहरु समितिका पदेन सदस्यहरु हुन्छन् । सदस्यहरुको मनोनयन गर्दा सभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलको सदस्य सख्या, महिला, आदिवासी /जनजाती, खस, आर्य, मधेशी, थारु, मुस्लीम, पिछडिएको क्षेत्र, अल्पसंख्यक समुदाय समेतको प्रतिनिधित्व गराउनु पर्ने प्रावधान प्रदेश सभा नियमावली २०७४ ले गरेको छ । मुख्यमन्त्री र विषयसँग सम्बन्धित विभीय मन्त्री पदेन सदस्य रहने बाहेक कुनैपनि सदस्य एकभन्दा बढी समितिको सदस्य हुन पाउँदैन । समितिमा पदेन सदस्यको अतिरिक्त देहाय बमोजिम ९ जना माननीय सदस्यहरु रहनु भएको छ ।

| | |
|---|---|
| १. मा. श्री अम्मर बहादुर थापा | अध्यक्ष |
| २. मा. श्री अमृता शाही | सदस्य |
| ३. मा. श्री कुर्मराज शाही | सदस्य |
| ४. मा. श्री दान सिंह परियार | सदस्य |
| ५. मा. श्री बीर बहादुर शाही | सदस्य |
| ६. मा. श्री यामलाल कंडेल | सदस्य |
| ७. मा. श्री सीता कुमारी नेपाली | सदस्य |
| ८. मा. श्री शोसिला शाही | सदस्य |
| ९. मा. श्री हिम बहादुर शाही | सदस्य |

## ३. समितिको काम, कर्तव्य र अधिकार :

समितिको काम संशोधनको सूचना परी सभाबाट समितिमा आएका विधेयकहरुलाई संशोधनसहित परिमार्जन, सुधार गरी परिष्कृत गर्नुका साथै सरकरलाई प्रदेश सभाप्रति जिम्मेवार तुल्याउनु र समितिको कार्यक्षेत्र भित्रका सरकारका विगत र वर्तमानका विभिन्न काम कारवाहीहरुको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन र सल्लाह प्रदान गर्नु हो । यसको अतिरिक्त समितिका काम, कर्तव्य र क्षेत्राधिकार निम्नबमोजिम रहेका छन् ।

(१) आफ्नो कार्यक्षेत्र भित्र पर्ने मन्त्रालय, आयोग, र निकायसंग सम्बन्धित विधेयकहरुमा दफावार छलफल गरि सोको प्रतिबेदन प्रदेश सभामा पेश गर्ने ।

(२) मन्त्रालय, र अन्तर्गतका निकायको नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अरु यस्तै क्रियाकलापको मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

(३) मंत्रालय र अन्तर्गतका निकायको राजस्व र व्यय सम्बन्धी अनुमानको जाँच गरी वार्षिक अनुमान तयार गर्ने तरिका, वार्षिक अनुमानमा निहित नीतिको सट्टा अपनाउन सकिने वैकल्पिक नीति र वार्षिक अनुमानमा रहेको रकममा के कति किफायत गर्न सकिन्छ भन्ने सम्वन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने र आफ्नो राय सहितको वार्षिक प्रतिवेदन बैठकमा पेश गर्ने ।

(४) मन्त्रीले सरकारको तर्फबाट बैठकमा समय समयमा दिएका आश्वासनलाई पूरा गर्न प्रदेश सरकारद्वारा के कस्ता कदम उठाइएका छन् सो सम्वन्धमा अध्ययन गरी सम्वन्धित निकायलाई आवश्यक निर्देशन दिने र बैठकमा प्रतिवेदन पेश गर्ने ।

(५) सभाद्वारा प्रत्यायोजित अधिकार अन्तर्गत बनाइएको नियम संविधान, सम्बन्धित ऐन, प्रचलित कानून बमोजिम बनेको छ छैन र सरकारद्वारा प्रचलित ऐन, नियम अनुसार काम भए गरेको छ वा छैन भन्ने विषयमा मूल्यांकन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने ।

(६) सरकारद्वारा समय समयमा गठन हुने छानबिन आयोग / समिति र जाँचबुझ आयोग / समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्वन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने ।

(७) मन्त्रालय र अन्य निकायबाट सम्पादन भएका कामको अनुगमन तथा मूल्यांकन गरी सो सम्वन्धमा आवश्यक निर्देशन दिने ।

(८) बैठकले सुम्पेको अन्य काम गर्ने, र

(९)समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने ।

## ४. समितिको कार्य क्षेत्र :

अर्थ तथा प्राकृतिक स्रोत समितिको क्षेत्रभित्र निम्म बमोजिमका मन्त्रालयहरु र सो अन्तर्गतका विभाग तथा निकायहरु पर्दछन् :

**<u>क. आर्थिक मामिला तथा योजना मन्त्रालय :</u>**

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश स्तरको आर्थिक स्रोतको बाँडफाँड, लगानी प्रक्षेपण र वित्तिय व्यवस्थापन,
- प्रदेश स्तरको आर्थिक स्थायित्व र मूल्य स्थिरता सम्बन्धी नीति तर्जुमा, कार्यान्वयन र नियमन,
- संघको स्वीकृतिमा वैदेशिक सहयोग, वैदेशिक ऋण र अनुदान प्राप्ती, उपयोग, लेखाङ्कन र प्रतिवेदन,
- प्रदेश स्थित सरकारी सम्पत्तीको एकीकृत विवरण र सरकारी बाँकी रकमको लागत तथा असुल उपर,

- प्रदेश स्तरीय विकास नीति, प्राथमिकता, आवाधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्यांकन,
- राष्ट्रिय तथा अन्तर प्रदेश विकास योजनाको समन्वय र सर्शत अनुदानको सदुपयोग,
- प्रदेश राजश्व सम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश सार्वजनीक खर्च सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- संघीय नीति अनुरुप सह-वित्तीयकरण,
- प्रदेश आर्थिक कार्यविधि सम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन र नियमन,
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
- प्रदेश सञ्चित कोषको सञ्चालन तथा व्यवस्थापन र प्रदेश लेखा नियन्त्रण एंव व्यवस्थापन,
- प्रदेश पूरक अनुदान तथा पेश्की खर्च र प्रदेश आकस्मिक कोष सम्बन्धी,
- प्रदेश सरकारी लगानी र लाभांशको लेखा व्यवस्थापन,
- प्रदेशगत विनियोजन, राजश्व, धरौटी, कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्तिको एकीकृत विवरण र लेखा परीक्षण,
- घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कार, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क, कृषि तथा आयमा कर, सेवा शुल्क, दस्तुर र दण्ड जरिवाना संकलन, बाँडफाँड र उपयोग सम्बन्धी नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन,
- संघीय कानुन अनुसार प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी र शुल्क संकलन, नियमन र हस्तान्तरण,
- राजश्व चुहावट नियन्त्रण सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- संघसँगको अन्तर सरकारी वित्तीय सम्पर्क, सम्बन्धी र सहकार्य,
- तथ्यांक, सूचना प्रणाली तथा अभिलेख व्यवस्थापन सम्बन्धमा प्रादेशिक नीति, कानुन, मापदण्ड एवं योजना तर्जुमा, कार्यान्वयन र नियमन तथा संघ र स्थानीय तहसंग सहयोग, समन्वय र सहकार्य,
- बीमा र बीमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रबदधन तथा विस्तार र नियमन,
- प्रदेश स्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन, सुधार र नियमन,
- आर्थिक विकासमा निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसँग समन्वय र सहकार्य ।

**ख. भौतिक पूर्वाधार विकास मन्त्रालय :**

- प्रदेश स्तरको उर्जा, विधुत, सिंचाई, खानेपानी, जल उत्पन्न प्रकोप ( नदी तथा पहिरो) व्यवस्थापन सम्बन्धी अध्ययन अनुसन्धान, नीति, कानुन, मापदण्ड, गुरुयोजना तथा आयोजना निर्माण, कार्यान्वयन, सञ्चालन, मर्मत संभार, समन्वय र नियमन,
- प्रदेश स्तरका उर्जा, विधुत, सिंचाई तथा खानेपानी सम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण र नियमन,
- उर्जा, विधुत, सिँचाई सेवान विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण र नियमन,
- राष्ट्रिय जलस्रोत नीति र संघीय योजना बमोजिम प्रदेश सीमा नदीका जलउपयोग सम्बन्धी आयोजनको पहिचान, निर्माण, संचालन, सम्भार र व्यवस्थापन,

- प्रदेश भित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मुल्यांकन,
- प्रदेश भित्रको जलस्रोत उपयोग हुने आयोजनाहरुको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,
- प्रदेश स्तरका जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास व्यवस्थापन,
- मौसम र जलमापन सञ्चार सञ्जाल व्यवस्थापन,
- जलगुण तथा वायूगुण सम्बन्धी प्रायोगशाला व्यवस्थापन,
- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन, अध्ययन अनुसन्धान र नियमन,
- प्रदेश भित्रको सवारी दर्ता र नवीकरण, चालक अनुमती र नवीकरण,
- प्रदेशभित्र सार्वजनीक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर र भाडा दर निर्धारण र अनुगमन तथा नियमन,
- वातावरण मैत्री, अपाङ्गतामैत्री र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रवर्द्धन,
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,
- रन्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्द्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेश लोकमार्ग सम्बन्धी नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र निर्माण, स्तरोन्नती, मर्मत सम्भार, तथ्यांक व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा, कार्यान्वयन र नियमन,
- प्रदेश स्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश भित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन,
- प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन,
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहितमबमे कार्यान्वयन र नियमन,
- प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण,
- सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन ।

**ग. उधोग, पर्यटन, वन तथा वातावरण मन्त्रालय :**

- व्यापार/वाणिज्य र बजार प्रतिष्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,
- प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवद्धन, सहजिकरण, बजार अनुगमन, समन्वय, तथ्यांक प्रणाली, वौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन,
- ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन,
- नेपाल सरकारको सहमतीमा आर्थिक तथा औधोगिक विषयका करारजन्य सम्झौता,
- व्यापारिक फर्महरुको दर्ता, नविकरण, खारेजी र नियमन,
- खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धि प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन,

अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा संचालन र संघसँग समन्वय,

- भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्शा सम्बन्धी,
- कल कारखाना र औधौगीकिकरण सम्बन्धि नीति, कानुन, मापदण्ड र योजना, कार्यान्वयन र नियमन,
- उद्धोग दर्ता, अनुमति, नविकरण एंव खारेजी र औधौगिक विकास तथा औधोगिक व्यवसायको प्रवर्धन र नियमन,
- प्रदेश स्तरको उद्धोग क्षेत्रको भौतिक पुर्वाधार विकास सम्बन्धि योजना तर्जुमा र कार्यान्वयन तथा औधोगिक क्षेत्र र विषेश आर्थिक क्षेत्रको स्थापना संचालन र विस्तार,
- औधोगिक वस्तुको निर्यात प्रवर्द्धन,
- सार्वजनीक सेवा, अत्यावश्यक सेवा र वस्तु आपुर्ति सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- उपभोक्तहक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्त जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन,
- मूल्य र कालोबजारी तथा कृतिम अभाव नियन्त्रण एवं नियमन,
- संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन,
- उपभोक्त अदालत गठन र सञ्चालन,
- अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपुर्ति सम्बन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपुर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपुर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय,
- लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन,
- करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानुन मापदण्ड, कार्यान्वयन र नियमन,
- संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानुन तर्जुमा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन,
- दामासाहिमा परेका उधोग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानुन मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश स्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन,
- प्रदेश स्तरमा इन्धनको गुणस्तर अनुगमन,
- संघीय कानुन बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी,
- प्रदेशभित्रका उधोगहरु र साना, मझौला, घरेलु तथा लघु उघोगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- औधोगिक तथा व्यापार प्रदशनिको आयोजना तथा व्यवस्थापन,
- उधोगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग,
- स्वरोजगारका लागि उधमशिलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता,
- प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, पुर्वाधार विकास, प्रवर्द्धन र नियमन,
- पर्यटन प्रहरी व्यवस्थापन,
- पर्यटकीय होटल, रिसोर्ट, जल, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टीङ आदिको दर्ता, अनुमती, नविकरण र नियमन,
- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना, कार्यान्वयन र नियमन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,

- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन,
- प्रदेश स्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन,
- हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन,
- जडिबुटी खेती प्रविधि प्रवर्द्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानुन तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा संकलन,
- वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रवाह,
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग,
- प्रदेश स्तरका वनस्पति उधान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पती पहिचान तथा अभिलेखिकरण सम्बन्धी नीति र व्यवस्थापन,
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभाशं बाँडफाँड,
- प्रदेश स्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन,
- प्रदेश भित्र भूस्खलन नियन्त्रण,
- प्रदेश स्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन,
- प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेश स्तरमा वातावरणी सूचना प्रणालीको स्थापना,
- प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार,
- प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन,
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनी तथा विधुतिय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण,
- प्रदेश स्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन,
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन,
- प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण,
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गिकरण, संरक्षण र व्यवस्थापन,
- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण,
- अन्तरप्रदेशिय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन,
- वृक्षारोपणको लागि दिगो तथा गुणस्तरिय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन,
- प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन,
- वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन,
- प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार सो सम्बन्धी तथ्यांक संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग,
- वैज्ञानिक अध्ययन अनुसन्धान एवं विज्ञान र प्रविधिको आविस्कार, उन्नयन र विकास,
- विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थतापन ।

## ५. समितिले गरेका कामकारवाही तथा निर्णयहरु :

**मिति : २०७५/०४/१७ गते**

१. अर्थ तथा प्राकृतिक स्रोत समितिको वैठक सञ्चालन र कामकारवाही प्रभावकारी बनाउन समितिको कार्यविधि तयार गर्न तपशिलका माननीय सदस्य तथा समितिका सचिव सदस्य रहनु भएको उपसमिति गठन गर्ने

तपशिल :

१. मा. श्री सीता कुमारी नेपाली
२. मा. श्री कुर्मराज शाही
३. शा.अ. श्री प्रेम प्रसाद आचार्य

२. यस समितिको पहिलो र दोस्रो वैठकको निर्णयानुसार आर्थिक मामिला तथा योजना मन्त्रालयसँग आ.व. २०७४।०७५ को खर्च विवरण माग भएकोमा हाल सम्म उपलव्ध भएको नदेखिएकोले २०७५ असार मसान्त सम्मको खर्चको शिर्षकगत विवरण तुरुन्त उपलव्ध गराउन मन्त्रालयलाई पुनः निर्देशन दिने ।

३. कर्णाली प्रदेश सरकारका नीति, योजना, बजेट तथा कार्यक्रमलाई प्रभावकारी ढंगबाट कार्यान्वयन गर्न प्रदेश सरकार अर्न्तगत रहने निर्देशनालय, जिल्ला स्थित कार्यालय लगाएतका सम्पूर्ण प्रशासनिक संरचना र सो को दरबन्दी समेतको विवरण कर्णाली प्रदेश सरकारसँग माग गर्ने ।

**मिति : २०७५।०६।१० गते**

१. प्रदेश सरकारका सवै मन्त्रालय, कार्यालयहरुको आ.व.०७४।०७५ को बजेट शिर्षक, बजेट खर्च जिल्लागत रुपमा खुल्ने गरी यर्थाथ विवरण यथाशिघ्र माग गर्ने निर्णय गरियो ।

२. आ.व. ०७५।०७६ को पारित बजेट, कायाक्रम, कार्यतालिका सहित कार्यान्वयनको विवरण सहित कर्णाली प्रदेशका सवै मन्त्रालयका सचिव तथा प्रमुख सचिव सहितको वैठक मिति २०७५।०६।१५ गते बिहान ११:०० बजे वस्ने निर्णय गरियो ।

३. समितिको कार्यलय अविलम्ब स्थापना गर्न सभामुखज्यू समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**मिति :२०७५।०६।१५ गते**

१.आज सवै मन्त्रालयका सचिवहरुवाट प्रस्तुत वजेट कार्यान्वयन सम्बन्धमा प्राप्त कागजात विवरणबाट केही जानकारी भएतापनि अपुरो भएकोमा आगामी दिनमा तदारुकताका साथ यथासमयमै कार्यक्रम, कार्यतालिका तथा कार्यान्वयन को स्पष्ट खाका सहित बजेट कार्यान्वयन गर्न सवै मन्त्रालय/सचिवालय लाई निर्देशन दिने निर्णय गरियो ।

**मिति : २०७५।०७।१७ गते**

१.यस समितिवाट गठित उप समितिका संयोजक मा. श्री सीता कुमारी नेपालीले पेश गर्नु भएको समितिको आन्तरिक कार्यविधिलाई निम्नानुसार परिमार्जन गरि पारित गर्ने निर्णय गरियो ।

क. कार्यविधिको वुदा नं. ११ र १२ लाई समायोजन गरि वुदा नं. ११ को क र ख मा वुदा नं. १२ लाई ग कायम गरी साविकको वुदा नं. १२ खारेज गर्ने

**मिति : २०७५।०९।२६ गते**

१.कर्णाली प्रदेशका दिर्घकालिन योजनाका लागि प्राकृतिक स्रोत साधनको पहिचान तथा सदुपयोग गरी कर्णाली प्रदेशमा आर्थिक समृद्धि गर्न देहायका क्षेत्र पहिचान तथा अध्ययन गरी आगमी बजेटहरुमा लगानी केन्द्रीत गर्नका लागि सरकारलाई निर्देशन दिने निर्णय गरियो ।

क. जलविधुत्  ख. पर्यटन  ग. उधोग  घ. जडीवुटी

२.आ.व. २०७४।०७५ तथा ०७५।०७६ मा संचालीत योजना सम्बन्धी अनुगमन गर्नका लागि समितिका सदस्यहरुको नेतृत्वमा अन्य समितिसँग सहकार्य गरी देहायका जिल्लामा अनुगमन गर्ने कार्यक्रम तय गर्ने निर्णय गरियो ।

क. सल्यान ख. रुकुम ग. जाजरकोट

३. आ.व. २०७५।०७६ को प्रथम चौमासीकमा भएको खर्चको फाँटवारी आगामी वैठकमा पेश गर्ने गरी सम्बन्धीत मन्त्रालयमा पत्राचार गर्ने निर्णय गरियो ।

४. आ.व. २०७५।०७६ को बजेट कार्यान्वयनको अवस्थाका सम्बन्धमा समितिमा सम्बन्धीत विभागिय मन्त्रीलाई वैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय गरियो ।

**मिति : २०७५।१०।०४ गते**

१.प्रथम चौमासिकमा भएको खर्चको सम्बन्धमा विभागिय मन्त्रालयगत छलफल गर्नका लागि विभागिय मन्त्रीलाई आमन्त्रण गरी आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

२. यस समितिको आगामी वैठक मिति २०७५।१०।०६ गते बिहान ८:०० बजे वस्ने निर्णय गरियो ।

**मिति : २०७५।१०।०६ गते**

१.प्रथम चौमासिकमा (आ.व. २०७५।०७६) बजेट खर्चको सम्बन्धमा मन्त्रालयका मन्त्री तथा सचिव सहित समिक्षा कार्यक्रम गर्न माघ महिना भित्र गर्ने निर्णय गरियो ।

२. बजेट कार्यान्वयन गर्ने सर्न्दभमा सम्पूर्ण मन्त्रालयले सम्बन्धीत निर्वाचन क्षेत्रका माननीय सदस्यहरुसँग समन्वय गर्ने निर्देशन दिने निर्णय गरियो ।

मिति : २०७५।११।१३ गते

१.यस समितिको ९ औं वैठक अनुसार प्रथम चौमासिकको खर्चको विवरण माग गरिएकोमा विस्तृत रुपमा खर्चको विवरण नआएकोले माघ मसान्त सम्मको खर्चको विवरण विस्तृत रुपमा माग गरी छलफल गर्ने गरी मन्त्रालयलाई सुचना दिने निर्णय गरियो ।

**मिति : २०७५।१२।१३ गते**

१.भौतिक तथा पूर्वाधर मन्त्रालयलाई देहायका निर्देशन दिने :

क. सार्वजनिक खरिद ऐनको परिधिमा रही प्रचलित ऐन नियम वमोजिम छिटो भन्दा छिटो योजना कार्यान्वयन गर्ने/गराउने ।

ख. १ करोड भन्दा कमका सडक, खानेपानी, सिंचाई, तटबन्द लगायतका सम्पूर्ण योजनाको एक हप्ता भित्रमा उपभोक्त समितिसँग सम्झौता गर्ने ।

ग. १ करोड भन्दा माथीको DPR तयार भएका आयोजनाको प्रकृया पुरा गरी टेण्डर गरी कार्यान्वयनमा जाने ।

घ. यस आर्थिक वर्षको पुर्ण सम्पन्न हुन नसकेको योजनाहरुको पहिचान गरी यस्ता योजनाको हकमा आवश्यकता औचित्य र सन्तुलनमा रहेर बहुवर्षिय क्रमागत योजनाको रुपमा तत्काल कार्य अगाडि बढाउने ।

ङ. यस वैठकमा गरेका निर्णय र निर्देशको कार्यान्वयन प्रगतिको सम्बन्धमा एक हप्ता भित्र यस समितिमा जानकारी गराउने ।

च. यस समितिको वैठक भोली मिति २०७५।१२।१४ गते दिउसो २:०० बजे वस्ने र उक्त वैठकमा मुख्यमन्त्री लाई अनिवार्य रुपमा आमन्त्रण गर्ने निर्णय गरियो ।

**मिति : २०७५।१२।१४ गते**

१. यस समितिको वैठक मिति २०७५।१२।१५ गते पुन मन्त्रालयकै बजेट तथा कार्यक्रमको छलफललाई निरन्तरता दिई कार्य गर्ने निर्णय गरियो ।

**मिति :२०७५।१२।१५ गते**

१. भोली हुने समितिको वैठकमा वाँकी भएका मन्त्रालयको बजेट खर्च छलफलको क्रमलाई निरन्तरता दिने निर्णय गरियो ।

**मिति : २०७५।१२।१६ गते**

१. यस समितिको वैठकबाट देहाएका मन्त्रालयलाई निम्नानुसारको निर्देशन दिने निर्णय गरियो ।

निर्णयहरु :

सामाजिक विकास मन्त्रालय :

१.आ.व. २०७५।०७६ मा प्राप्त विशेष अनुदान रकमलाई विनियोजन गर्दा सम्वन्धीत निर्वाचन क्षेत्रका दुवै प्रकृयाबाट निर्वाचीत सदस्यहरुसँग आवश्यक छलफल गरी लक्षित समूहमा केन्द्रित हुने गरी विनियोजन गर्ने ।

२. प्रदेश अस्पताल र जिल्ला अस्पतालको स्तर बृद्धि अत्याधुनिक उपकरण उपलव्धता र दक्ष जनशक्ति पुर्ति गर्ने खर्च हुन नसकेको बजेट रकमान्तर गरी उपलव्ध गराउन निर्देशन गरिन्छ ।

३. आ.व. २०७५।०७६ को विनियोजन बजेटको कार्यान्वयन प्रकृया के कस्तो रहेको छ सो को विस्तृत विवरण यस समितिमा एक हप्ता भित्र जानकारी गराउने ।

४. यस आ.व. मा कार्यान्वयन नभएका आयोजना तथा कार्यक्रमहरुको तत्काल कार्यान्वयन प्रकृयामा गई एकहप्ता भित्र सो को जानकारी यस ससिमतिमा गराउने ।

पर्यटन मन्त्रालय :

१.हाइटेक नर्सरी निर्माणको लागि तत्काल डि. पि. आर. तयार गरी कार्य प्रक्रिया अगाडी बढाउने ।

२. जलवायु परिवर्तनको असरबाट विश्वव्यापी प्रभाव परिरहेको अवस्थामा यस प्रदेशलाई जलवायु परिवर्तनको प्रभाव न्यूनिकरण गर्ने कार्य गर्नका लागि वनक्षेत्रको बृद्धि गरि जलबायु परिवर्तनको प्रभावबाट पर्ने असर वापतको क्षतिपुर्ति बढी भन्दा बढी प्राप्त गर्ने वातावरण तयार गर्ने ।

३. यस आ.व. मा रहेका सम्पूर्ण बजेट तथा कार्यक्रमको कार्ययोजना बनाई तत्काल कार्य अगाडि बढाउने ।

गरीबी निवारण तथा दलित युवा लक्षित कार्यक्रम कार्यान्वयन मन्त्रालयबाट टुक्रे कार्यक्रम विनियोजन नगरी लक्षित वर्गलाई केन्द्रित गरी जिल्ला स्थित निकायसँग समन्वय गरी प्रतिफल प्राप्त हुने गरी समन्यायीक रुपमा न्यायोचित वितरण गर्ने ।

कृषि मन्त्रालय :

१. विशेष अनुदानलाई संस्थागत गरी लक्षित समूहलाई वितरण गर्न सहकारी छनौट तथा बजेट विनियोजन गर्दा मन्त्रालयबाट टुक्रे कार्यक्रममा विनियोजन नगरी जिल्लागत संरचनाको माध्यमबाट वितरण गर्ने व्यवस्था मिलाउने ।

२. हाइटेक नर्सरी निर्माणको लागि तत्काल डि.पि.आर. तयार गरी कार्य प्रकृया अगाडी बढाउने ।

३. कृषिमा विकासको लागि माटोको पहिचान तथा अनुसन्धान गरी कृषि पकेट क्षेत्र निर्माण गर्ने र कृषिमा बढवा दिई आत्मनिर्भर बनाउने तर्फ कार्यक्रम लागु गर्ने ।

सम्पूर्ण मन्त्रालयलाई :

- यस आ.व.मा कार्यान्वयन नभएका आयोजना तथा कार्यक्रमहरुको तत्काल कार्यान्वयन प्रकृयामा गई एकहप्ता भित्र सो को जानकारी यस समितिमा गराउने ।

**मिति : २०७५।१२।२८ गते**

१.कर्णाली प्रदेश सरकार अर्थ तथा प्राकृतिक स्रोत समितिको यो वैठकबाट प्रदेश सरकार तथा स्थानीय तहका चालु आर्थिक वर्षमा स्वीकृत कार्यक्रम तथा आयोजनाहरुको कार्यान्वयन तथा बजेट (पुँजीगत खर्च) को अवस्थाका सम्बन्धमा विस्तृत रुपमा अनुगमन तथा मूल्यांकन गरी प्रतिवेदन दिनका लागि सम्बन्धीत निर्वाचन क्षेत्रबाट प्रत्यक्ष निर्वाचीत प्रदेश सभाका माननीय सदस्य/प्रदेस सभाका संयोजकत्वमा जिल्ला स.स. पदाधिकारी, स्थानिय तहका पदाधिकारी, प्राविधिक कर्मचारी समेतको संलग्न गरी आवश्यक व्यवस्थापन सहित अनुगमन समितिहरु गठन गरी कार्य गर्न कर्णाली प्रदेश सरकार लाई सुझाव सहित निर्देशन दिने निर्णय गरियो ।

**मिति : २०७६।०२।०२ गते**

१. प्रदेश सभा नियमावली २०७४ को नियम १५० को उपनियम ३ मा व्यवस्था भए बमोजिम आ.व. २०७६।०७७ को प्रि बजेट छलफलको लागि बजेटका सिद्धान्त र प्राथमिकता सम्बन्धमा स्थानीय तहको राय सुझाव परामर्श समेत प्राप्त गरि आगामी यहि जेष्ठ ९ गते सम्म पेश गर्न सवै प्रदेश सभाका सदस्यहरु लाई अनुरोध गर्ने ।

२. यहि २०७५ चैत्र २४ देखि २८ गते सम्म कर्णाली प्रदेशका विभिन्न जिल्लामा हावाहुरी, असिना प्राकृतिक प्रकोपबाट पिडित सम्बन्धीत क्षेत्रमा कर्णाली प्रदेश सरकारबाट दिइने राहत रकमको सदुपयोग गर्ने कामको लागि योजनाहरु संचालन गरी गराई राहत उपलब्ध गराउन सरकारलाई निर्देशन गर्ने ।

३. प्रि बजेटको राय सुझाव परामर्श छलफलक लागि मिति २०७६।०२।०९ गते दिनको १ : ०० बजे सम्बन्धीत विज्ञहरुलाई, योजना आयोगका पदाधिकारी, आर्थिक मामिला तथा योजना मन्त्री तथा प्रदेश सभाका सबै सदस्यहरुलाई आमन्त्रण गर्ने निर्णय गरियो ।

४. कर्णाली प्रदेश सरकारको निर्णय अनुसार कर्णाली प्रदेश विशेष परियोजना अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यविधि २०७६ बमोजिम कर्णाली प्रदेशका सवै सभासद सदस्यहरुलाई तत्काल कार्यविधि अनुसारको दायित्व जिम्मेवारी वहन गर्न गराउन पत्राचार गरि कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन सचिवालय लाई अनुरोध गर्ने निर्णय गरियो ।

**मिति : २०७६।०२।०९ गते**

१. सामान्य छलफल गरि वैठक समापन गरियो ।

**मिति : २०७६।०२।१२ गते**

१. समितिको वैठकमा खाना र खाजा सर्चको व्यवस्था गर्ने ।

२. विज्ञको लागि आवश्यक खर्च व्यवस्था गर्ने ।

३. योजना अनुगमन खर्च समितिका विषयगत १० जिल्लामा संभाव्यता अध्ययन, अनुगमन वार्षिक रुपमा २ पटक गर्ने

४. अन्तर प्रदेश भ्रमण ३ र अन्तराष्ट्रिय भ्रमण १ पटक गर्ने खर्च व्यवस्था गर्ने ।

५. समितिको कार्यालय व्यवस्थापन गर्ने ( ल्यापटप, प्रिन्टर, कुर्चि, टेवल, साउण्ड सिष्टम, सोफा, दराज, कम्प्यूटर आदि )।

**मिति : २०७६।०३।१८ गते**

१. अर्थ मंत्रालयवाट हालसम्म भए गरेका रकमान्तर सम्बन्धी विवरणमा कुन मितिमा, कुन मंत्रालयमा, कुन शीर्षकमा र कुन आयोजनामा के कति रकम रकमान्तर गरिएकाृ छ? सोको विवरण तत्काल माँग गर्ने निर्णय गरियो ।

२. समितिको बार्षिक प्रतिबेदन तयार गर्ने जिम्मा समितिको अध्यक्ष र सचिवलाई दिने निर्णय गरियो ।

**मिति : २०७६।०३।२४ गते**

१. समितिको बैठकमा रकमान्तर सम्बन्धी जिल्ला, आयोजना, शीर्षक, रकम रकमान्तर सम्बन्धी बिवरण खुल्ने प्रयाप्त कागजातको अभाव भएको हुँदा उक्त विवरण सहितको कागजात र आर्थिक मामिला तथा योजना मंत्रालयका मंत्रीन्यु सहितको उपस्थितिमा मिति २०७६।०३।२६ गते विहान ८:०० बजे हुने गरी बैठक समापन गरियो

**मिति : २०७६।०३।२६ गते**

१. समितिको बैठकमा आर्थिक मामिला तथा योजना मंत्रालयवाट रकमान्तर एवं स्रोतान्तर सम्वन्धी आयोजनागत, जिल्लागत, शीर्षकगत र रकम खुल्ने विवरण माग गरिएकोमा विवरण प्राप्त हुन नसकेको र २०७६।०३।२९ गते आइतवारका दिन पेश गर्ने प्रतिबद्धता सो मन्त्रालयका सचिवबाटजाहेर भएकोले उक्त रकमान्तर सम्बन्धी विवरण प्राप्त भएपछि अर्को बैठकमा छलफल गर्ने ।

२. कृषि, पर्यटन र भौतिक मंत्रालय अन्तरगतका आयोजनाहरुको अनुगमनको लागि अध्यक्षको संयोजकत्वमा समितिका सदस्यहरुलाई खटाउने निर्णय गरियो ।

२. समितिको बार्षिक प्रतिबेदन तयार गर्ने जिम्मा समितिको अध्यक्ष र सचिवलाई दिने निर्णय गरियो ।

**मिति : २०७६।०३।२९ गते**

१. आजको समितिको बैठकमा अर्थ तथा प्राकृतिक स्रोत समितिको आ. व. २०७५।७६को बार्षिक प्रतिबेदनमाथि छलफल भै सर्बसम्मतिले अध्यक्षज्युवाट सभामा प्रस्तुत गर्ने गरी पारित भयो ।

२. संघीय संसद र अन्य प्रदेशसभाहरुले आ-आफ्ना सचिवालयका कर्मचारीहरुलाई प्रदान गर्दै आएका सुविधाहरु यस कर्णाली प्रदेशसभा सचिवालयका कर्मचारीहरुलाई अविलम्ब प्रदान गर्न आवश्यक बजेट व्यवस्था गर्न मा. आर्थिक मामिला तथा योजना मन्त्रीलाई निर्देशन दिने निर्णय गरियो ।

## ६. समितिको प्रभावकारिता

समति भनेको सभाको क्षेत्राधिकारको बाँडफाँड गरिको अधिकार सम्पन्न सभाको लघुरुप हो । यस अर्थमा हामीले संसदीय अभ्यासलाई कति आत्मासात गरेका छौं । यसको क्षेत्राधिरलाई कसरी नियमित र प्रभावकारी बनाएका छौ भन्ने कुराले समितिको प्रभावकारीतालाई स्पष्ट तुल्याउँछ । समिति प्रणलीले गति लिन नसक्नुमा निम्न समस्या हाम्रो अभ्यासबाट टाढा हुन सकेको छैनन् ।

- समिति प्रणालीको सैद्धान्तिक तथा व्यावहारिक ज्ञानको अभाव,
- राजनैतिक इच्छा शक्ति र चासोको अभाव,

- विषय विज्ञताको अभाव,
- शासन प्रणालीमा परिवर्तन,
- राजनैतिक अस्थिरता,
- संसदीय अभ्यासमा पटक पटक अवरोध,
- सचिवालयको जनशक्तिको बौद्धिक विकास र प्रशिक्षणमा सचिवालयको उचित ध्यान नपुगेको,
- समितिको कामकारवाही, क्षेत्राधिकारको बाँढफाँटको बैज्ञानिक र वस्तुपरक कानूनी व्यवस्थाको अभाव, समितिले कार्यक्षेत्राधिकार आफुखुसी निर्धारण र प्रयोग गर्ने परम्पराको विकास,
- क्षेत्राधिकारमा अतिक्रमण र एकै विषयमा सरकारकारी निकायलाई दोहोरो निर्देशन जानसक्ने खतरा,

## ७. समितिले भोग्नु परेका व्यावहारिक समस्या र समाधानका उपायहरु:

१. सबै भन्दा ठूलो समस्या बैठक संचालन कक्षमा कम्प्यूटर, प्रिन्टर, ल्यापटम, टेवल, कुर्ची लगायतका अत्यावश्यक कुनै पनि सामग्री नभएको ले त्यस्ता अतिआवश्यक साधन स्रोत को अथोचित व्यवस्थपन गर्नु पर्ने ।

२. बजेटको अभावले समितिको कार्यक्षेत्र संग सम्बन्धित विषयमा स्थलगत अध्यन, अनुगमन गर्न र सरकारलाई दिएका निर्देशन तथा सुझावहरु कार्यान्वयको अबस्था प्रत्यक्ष अबलोकन गर्न नसकिएको ले समितिले मा. अध्यक्ष ज्यू मार्फत प्रदेश सरकार समक्ष पहल गर्नुपर्ने ।

३. मा.सदस्य एबं सचिवालयका हाल समायोजन भई आएका कर्मचारीहरुको समयानुकूल क्षमता अभिबृद्धि लगायतका विषयमा अवसरहरु उपलब्ध हुन नसकेको सन्दर्भमा स्वदेश तथा बिदेश भ्रमण तथा प्रशिक्षणको व्यवस्था मिलाउने ।

४. समितिको बैठकमा रेकर्डिंग प्रणली र प्रत्यक्ष अभिलेखीकरण सो सम्बन्धी जनशक्तिको अभाव रहेको संदर्भमा सचिवालय तथा दात्री निकायको सहयोग समेतमा समिति सचिवालयलाई आधारभूत सुविधा सम्पन्न तुल्याउने ।

५. कर्मचरीहरु दिन भर आफ्नो अफिसियल दैनिक काममा व्यस्त रहनु पर्ने र समितिका वैठकहरु विशेष गरी साँझ विहानमा संचालन हुने भएकाले समितिका सदस्य सचिव तथा अन्य सहयोगी कर्मचारीहरुले बिहान बेलुका बैठक बस्दा पनि कुनै अतिरिक्त सुविधा नलिई काम गर्नुपर्ने बाध्यता रहेकोमा यसरी कार्य गराउँदा नतिजा प्रभावकारी नहुने हुँदा यथाशीघ्र भत्ताको व्यवस्था गरिनु पर्ने ।

## ८. उप संहार :

प्रभावकारी समिति प्रणाली, व्यवस्थापन र संचालनबाट लोकतन्त्रको विकाश हुन्छ भन्नेमा दुइमत छैन । हामीहरु संसदीय अभ्यासमा जुटेको लामो इतिहास नभए पनि समितिका निरन्तर बैठक संचालन, सरकारी कामकारवाहीको अनुगमन र निर्देशन, समितिमा विधेयक दफावार छलफलको क्रममा विधेयकमा संशोधन पेश गर्ने र छलफमा भाग लिने मा. सदस्यहरुको रुची र निरन्तर अभ्यासले समिति प्रणालीको विकास हुनुको साथै यसको महत्व बढिरहेको भन्न सकिन्छ । समिति एउटा सामूहिक भावना र सहयोगमा आधारित संस्था भएकोले यसमा सबैको सहयोग, चासो र सक्रियतालाई आगामी दिनमा थप प्रभावकारी बनाउन समितिका पदाधिकारी एबं सदस्य सबैको समान दायित्व बोध हुनु पर्दछ ।

०७६/३/११

अम्मर बहादुर थापा

अध्यक्ष

अर्थ तथा प्राकृतिक श्रोत समिति

कर्णाली प्रदेश

तिलक बहादुर थापा

समिति सचिब

तयार गर्ने